**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

## प्रेस विज्ञप्ति - २०६४ माघ १८

---

### मानवअधिकार उप–उच्चायुक्तद्वारा २०६४ भदौ–असोजको हिंसाको प्रतिक्रियास्वरूप गरिएका कार्यहरूको मूल्याङ्कन गर्न कपिलवस्तुको भ्रमण

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उप-उच्चायुक्त क्युङ–ह्वा काङ तथा उच्चायुक्तको कार्यालय–नेपालका प्रमुख रिचर्ड बेनेटले २०६४ भदौ–असोजमा कपिलवस्तुमा भएको हिंसाका विभिन्न कारण तथा प्रभावलाई सम्बोधन गर्न के के गरिएका छन् भन्ने प्रत्यक्षरूपमा मूल्याङ्कन गर्न शुक्रबार कपिलवस्तुको भ्रमण गर्नुभयो । उच्चायुक्तको कार्यालय हिंसाको समयमा कपिलवस्तुमा उपस्थित थियो र यसले थप हिंसाबाट सर्वसाधारणलाई संरक्षण गर्न, पीडितलाई सहयोग गर्न तथा हिंसामा जिम्मेवारहरूलाई न्यायको कठघरामा उभ्याउने कुरा सुनिश्चित गर्न अविलम्ब सरकारी कारबाहीका लागि आह्वान गरेको थियो ।

भदौ ३० गते भएको मोहित खाँको हत्याले पाँच दिनसम्म हिंसा उत्पन्न गरायो, जसले कपिलवस्तु, रूपन्देही र दाङ जिल्लालाई प्रभावित गऱ्यो । सर्वाधिक खराब हिंसा कपिलवस्तुमा भयो, जहाँ १४ जना मारिए, कम्तीमा नौजना घाइते भए तथा हजारौँ मानिस विस्थापित भए । व्यापार, आवास, गाडी तथा केही मस्जिदलगायतमा भएको आपराधिक क्षति व्यापक थियो ।

उच्चायुक्तको कार्यालयले तत्काल मानवअधिकार अधिकृतहरूलाई पठायो तथा बारम्बार भ्रमण गरी सो क्षेत्रमा उपस्थितिलाई कायम राख्यो । यस कार्यालयले अन्मिन, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय मानवअधिकार सङ्गठनहरू तथा स्थानीय प्रशासन र प्रहरी अधिकारीहरू एवं पीडितहरूलाई सहायता उपलब्ध गराउने अन्तर्राष्ट्रिय मानवीय सङ्गठनहरूसँग निकट रही कार्य गऱ्यो । उच्चायुक्तको कार्यालय-नेपालले आफ्ना प्रारम्भिक निष्कर्षहरूबारे छलफल गर्न गृहमन्त्रीसँग भेट गरिसकेको छ र आउँदा दिनमा गृह मन्त्रालयसमक्ष विस्तृत प्रतिवेदन प्रस्तुत गर्नेछ ।

विशेष जाँचबुझ आयोगद्वारा अनुसन्धान सञ्चालन तथा तराई क्षेत्रबाट एक प्रजिअको नियुक्तिलगायत केही महत्त्वपूर्ण कदम चालिएको कुरालाई उच्चायुक्तको कार्यालयले ध्यानमा लिएको छ । हिंसाबाट विभाजित समुदायहरूलाई एकै ठाउँमा ल्याउन उत्साहप्रद स्थानीय पहलहरू पनि भएका छन् ।

तथापि, भूमि तथा सामाजिक बहिष्करणसम्बन्धी तनावसमेतका हिंसाका मूलभूत कारणहरू, एक दशक लामो द्वन्द्वसँग सम्बन्धित एवं पछिल्ला हिंसाका लागि दण्डहीनता तथा सुरक्षा उपलब्ध गराउन अपर्याप्त उपायहरूलाई सम्बोधन गर्न थप सरकारी कारबाहीको आवश्यकता छ । समुदायहरूबीचको विभाजनलाई समाधान गर्ने स्थानीय पहलहरूलाई पनि थप सहयोग चाहिएको छ ।

> "अहिंसात्मकरूपबाट तथा शान्ति प्रक्रियाको भावनाअनुसार कुण्ठाहरूका लागि साझा समाधान खोज्न सबै क्षेत्रले सहकार्य गर्नुपर्छ" उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो ।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org

**मानवअधिकार उप-उच्चायुक्त क्युङ-ह्वा काङको व्यक्तिवृत्तान्त**

क्युङ–ह्वा काङलाई सन् २००६ सेप्टेम्बरमा मानवअधिकार उप–उच्चायुक्तमा नियुक्त गरियो र उहाँले सन् २००७ जनवरी १५ (२०६३ माघ १ गते) मा पद सम्हाल्नुभयो । उहाँको पद सहायक महासचिवसरह रहेको छ ।

संयुक्त राष्ट्रसङ्घमा प्रवेश गर्नुअघि गणतन्त्र कोरियाली नागरिक काङ सो गणतन्त्रको विदेश तथा व्यापार मन्त्रालयको अन्तर्राष्ट्रिय सङ्गठनसम्बन्धी महानिर्देशक हुनुहुन्थ्यो । उहाँले न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि गणतन्त्र कोरियाली मिसनमा कूटनीतिज्ञका रूपमा समेत कार्य गर्नुभयो र सन् २००४ मा महिलाको अवस्थासम्बन्धी आयोगको अठचालीसौँ अधिवेशन तथा सन् २००५ मा चौथो विश्व महिला सम्मेलनको दसौँ वार्षिकोत्सवका रूपमा स्मरण गरिएको सो आयोगको उनन्चासौँ अधिवेशनको अध्यक्षता गर्नुभयो ।

परराष्ट्र सेवामा सन् १९९८ मा प्रवेश गर्नुअघि काङले गणतन्त्र कोरियाको राष्ट्रिय संसदमा काम गर्नुभयो जहाँ उहाँले मानवअधिकार, महिला विकास तथा संसदीय कूटनीतिक क्षेत्रसम्बन्धी विश्वव्यापी मुद्दाहरूमा गणतन्त्र कोरियाको राष्ट्रियसभाका सभामुखलाई सहयोग गर्नुभयो । त्यस अवधिमा उहाँले सन् १९९५ को बेइजिङ सम्मेलनमा कोरियाली महिला गैसस समितिको प्रवक्ताका रूपमा पनि कार्य गर्नुभयो । त्यसअघि आफ्नो पेसागत जीवनमा उहाँले कोरियन ब्रोडकास्टिङ सिस्टममा काम गर्नुभयो र कोरिया तथा संयुक्त राज्य अमेरिका दुवै देशका विश्वविद्यालयहरूमा प्राध्यापकका रूपमा काम गर्नुभयो ।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org